मितिः २०८१/०८/१८

समयः बिहान ८.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री केशव थापा | का.वा. वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री राज कुमार भट्टराई | का.वा. वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| २० | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

अन्य उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | उपसचिव | |
| २ | श्री सुर्यनाथ कोइराला | अधिकृत आठौं | |
| ३ | श्री आनन्द कुमार खड्का | वरिष्ठ लेखा अधिकृत | |
| ४ | श्री कञ्चन खनाल | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ६ | श्री कपिलराज पुरी | कानूनी सल्लाहकार | |
| ७ | श्री नारायण प्रसाद तिमिल्सिना | अधिकृत छैठौं | |
| ८ | श्री सागर खत्री | कम्प्युटर अपरेटर | |

प्रस्तावः-

१. विपदबाट प्रभावित लाभग्राहीहरूको नामावली जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारीस सम्बन्धमा ।
२. सार्वजनिक जग्गाको पुनरावेदनको लागि कानूनी परामर्श सम्बन्धमा ।
३. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण कार्यविधि, २०८१ पारित सम्बन्धमा ।
४. बालमैत्रीको रकम वडामा निकासा सम्बन्धमा ।
५. सामाजिक साँस्कृतिक कार्यक्रममा नगद सहभागिताको अंश घटाउने सम्बन्धमा
६. विविध ।

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०७/०९ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारीस भई आएको मनसुनजन्य विपदबाट प्रभावित लाभग्राहीहरूको पहिचान गरी मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम यस नगरपालिका क्षेत्रभित्रका त्यस्ता लाभग्राहीहरूको विवरण निम्न बमोजिम रहेकोले उल्लेखित विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारीस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | वडा नं. | लाभगाहीको विवरण | वर्ष | बुबाको नाम | स्थान | लाभगाह्रीको बर्गिकरण |
|---|---|---|---|---|---|---|
| १ | २ | सानु कान्छि नगरकोटि | ६४ | विरमान नगरकोटी | लसुनपुरे | पुनर्निर्माण |
| २ | २ | मिलन नगरकोटि | ३३ | पदम नगरकोटि | लसुनपुरे | पुनर्निर्माण |
| ३ | ३ | आइतमाया नगरकोटी | ६९ | सन्तराम नगरकोटी | रातामाटे | पुनर्स्थापना |
| ४ | ३ | निर्मला तामाङ | ४५ | कृष्ण बहादुर तामाङ्ग | बंगला/गुम्बा गैरी | पुनर्निर्माण |
| ५ | ३ | सानु काजि तामाङ | ३७ | गणेश बहादुर तामाङ्ग | ढोलङ्गे | पुनर्निर्माण |
| ६ | ३ | टिका बहादुर भुजेल | २८ | विष्णु बहादुर भूजेल | बंगाला | पुनर्निर्माण |
| ७ | ३ | शंकर पुतुवार /हरिमाया पुतुवार | ७१ | हर्ष सिंह पुतुवार | रातामाटे | प्रवलीकरण |
| ८ | ३ | तुलसी बहादुर पुतुवार | ५५ | टुल्के पुतुवार (वुबाको नाम) | रातामाटे | प्रवलीकरण |
| ९ | ३ | बद्री नगरकोटी | ७४ | दमकल नगरकोटी | डाँडागाउँ | प्रवलीकरण |
| १० | ३ | केशव तामाङ्ग | ४६ | कृष्ण बहादुर तामाङ्ग | वंगला डाँडा | प्रबलीकरण |
| ११ | ३ | बिनोद पुतुवार | ४७ | सन्त बहादुर पुतुवार | गुफा डाँडा | मर्मत |
| १२ | ३ | सन्जिव तामाङ्ग | २५ | चतुरे तामाङ्ग | सारूङ डाँडा | प्रवलीकरण |
| १३ | ३ | प्रताप तामाङ्ग (लामा) | ३८ | चतुरे तामाङ्ग | सारूङ डाँडा | प्रवलीकरण |
| १४ | ३ | हरि बहादुर तामाङ्ग /सुकुमाया तामाङ्ग | ५८ | कृष्ण बहादुर तामाङ्ग | गुफा डाँडा | मर्मत |
| १५ | ३ | पार्वति गुरुङ्ग | ४३ | बुद्धिमान घले | सारूङ डाँडा | मर्मत |
| १६ | ३ | आसमाया पुतुवार | ३८ | आसमान पुतुवार | रातामाटे | प्रबलीकरण |
| १७ | ५ | शुसिला परियार समेत २ (राम बहादुर विश्वकर्मा) | ३८<br>५० | मुक्तिदास दमाई<br>नन्दमान विश्वकर्म | आदेश्वर ढुंगाखानी नजिक (चिहान डाँडा मुनि) | पुनर्निर्माण |
| १८ | ५ | निर्मला तामाङ्ग | ५० | गोसर लामा | छग्डोल | मर्मत |
| १९ | ६ | ललिता कुमारी शाह | ३४ | गणेश साहू तेली | टुसाल कुवा नागार्जुन -६ | पुनर्स्थापना |
| २० | ६ | बिर बहादुर धोङ्ग | ५१ | जित बहादुर दोङ्ग | टुसाल कुवा नागार्जुन -६ | पुनर्स्थापना |
| २१ | ६ | लिला माया श्रेष्ठ | ५७ | मिन बहादुर श्रेष्ठ | टुसाल कुवा नागार्जुन -६ | पुनर्स्थापना |
| २२ | ६ | आशीका विक | २७ | राम प्रसाद सुनार | टुसाल कुवा नागार्जुन -६ | मर्मत |

| क्र.स | वडा नं. | लाभगाहीको विवरण | वर्ष | बुबाको नाम | स्थान | लाभगाहीको बर्गिकरण |
|---|---|---|---|---|---|---|
| २३ | ६ | मिना कुमारी शाक्य | ३९ | गुन्जमान वाडा | टुसाल कुवा नागार्जुन -६ | पुनर्स्थापना |
| २४ | ६ | सिंघ बहादुर लामा | | छत्तरे तामाङ्ग | पोखरी डाँडा | मर्मत |
| २५ | ६ | सुशीला तामाङ्ग | ४० | साहिला गिरि | पोखरी डाँडा | मर्मत |
| २६ | ७ | बल बहादु गुरुङ्ग | ४७ | विर बहादुर | टियारीटार | पुनर्निर्माण |
| २७ | ७ | कृष्ण बहादुर गिरी | ६६ | बाबु राम गिरि | साविक रामकोट १ दहचोक | पुनर्निर्माण |
| २८ | ७ | प्रमोद बहादुर लामा | ३८ | कालि बहादुर लामा | टियारीटार | पुनर्निर्माण |
| २९ | ७ | सुन्दर लामा | ४० | शेर बहादुर लामा | टियारीटार | प्रबलीकरण |
| ३० | ७ | सुमन तामाङ | ४० | शन्त बहादुर तामाङ्ग | कुमाहिटी | प्रबलीकरण |
| ३१ | ७ | ज्ञानी तामाङ्ग लामा | ६२ | कृष्ण तामाङ्ग | टियारीटार | प्रबलीकरण |
| ३२ | ८ | जीवन तामाङ | ३७ | राम बहादुर तामाङ्ग | मजुवा | पुनर्निर्माण |
| ३३ | ८ | गंगा तामाङ | ४५ | ज्ञान बहादुर तामाङ्ग | घट्टेखोला | पुनर्निर्माण |
| ३४ | ८ | ठूली तामाङ्ग | ८८ | बद्री बहादुर तामाङ्ग | मजुवा | प्रवलीकरण |
| ३५ | १० | कमला नेपाल | ४६ | परसुराम नेपाल | लामिछाने टोल तल्लो गाउँ | प्रबलीकरण |
| ३६ | १० | ओम बहादुर कार्की | ४९ | मानध्वज कार्की | लामिछाने टोल तल्लो गाउँ | प्रबलीकरण |

निर्णय नं. ३

काठमाण्डौं जिल्ला साविक सितापाइला गा.वि.स. वडा नं. ९ को परिवर्तित सितापाइला गा.वि.स. वडा नं.४ सि.नं. १०६२-०७ साविक कि.नं. २४४ र २४५ को क्रमश ०-६-०-०, र ०-११-०-० हाल कि.नं.३७ क्षे.फ. ४५५.९८ व.मि.को. सार्वजनिक जग्गा संरक्षण गर्नको लागि यस नागार्जुन न.पा. नगर कार्यपालिकाको मिति २०७५/०२/१७ गतेको निर्णय एवं २०७५/०३/०१ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम च.नं.२५९५. मिति २०७५/०९/०८ मा पत्राचार भएकोमा सोको विरुद्धमा रण बहादुर पाखिनले सम्मानित उच्च अदालत पाटनमा मु.नं. ०७५-WO-०४२९ उत्प्रेषण प्रतिषेध मुद्दा दायर गरेकोमा सम्मानित उ.अ.पाटनबाट मिति २०७५/११/०८ मा फैसला भएको थियो । उक्त फैसलामा "....यस अवस्थामा निवेदकलाई बसोवासको कुनै बैकल्पिक व्यवस्था समेत नगरी ८० वर्ष नाघेका अविवाहित यी निवेदकलाई उपर्युक्त उल्लिखित घर भत्काई आवास विहिन हुने कार्य कारवाही गर्नु राज्यको नीति निर्देशक सिद्धान्त, व्यक्तिको आवासको हक र सामाजिक न्यायको दृष्टिकोणबाट समेत अमानवीय अनुचित एवं अनुपयुक्त हुने भएकोले यी निवेदकको जीवन पर्यन्त उक्त कि.नं.का जग्गामा बनेको घर जग्गा प्रचलित कानून बमोजिम सार्वजनिक सम्पत्ति कै रुपमा रहने गरि हाल निवेदक रण बहादुर प्राखिनलाई सो घरबाट निकाला गरी घर टहरा भत्काउने भनी तहाँ नागार्जुन न.पा. बाट मिति २०७५/०२/१७ मा भएको निर्णय उत्प्रेषणको आदेश द्धारा बदर गरिदिएको छ । साथै यी निवेदकलाई अर्को उपयुक्त आवासको बैकल्पिक व्यवस्था नगरी हाल सो घर बाट निकाला नगर्नु, सो घर टहरा नभत्काउनु, निवेदकलाई यथावत सो घरमा बस्न दिनु, दिलाउनु, तहाँ नगरपालिका बाट मिति २०७५/०९/०८ मा काटिएका पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी मिति यो उत्प्रेषण प्रतिषेधयुक्त परमादेशको आदेश जारी गरि दिएको छ" भनी फैसला भएको थियो ।

रण बहादुर पाखिनको ०७६/०५/३१ मा निधन भए पश्चात यस ना.न.पा वडा नं. ५ को कार्यालय को मिति २०७८/०७/१४ च.नं. ९२६ मा घर टहरा तथा पसल हटाई सार्वजनिक जग्गा खाली गर्न भनी पत्र प्रेषित भएकोमा सो पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी रण बहादुर पाखिनकी धर्मपुत्री रामलक्ष्मी श्रेष्ठले सम्मानित उच्च अदालतमा निषेधाज्ञा मु.नं. ०७८-WO-०४०२ मुद्दा दायर गरेकोमा सम्मानित उच्च अदालत पाटन बाट मिति २०७८/१२/०९ मा फैसला भएको थियो । उक्त फैसलामा ".......यस अदालतबाट निवेदक रण बहादुर पाखिन र विपक्षी नागार्जुन नगर पालिका नगर कार्यापालिकाको कार्यालय सीतापाइला काठमाण्डौं समेत भएको ०७५-WO-०४२९ नं. मुद्दामा जारी भएको आदेशका सन्दभमा यी निवेदकले भोगचलन गरि आएको घर जग्गा निज रण बहादुर पाखिनले भोग चलन गरेको घर जग्गा भएको भन्ने देखिन आयो । निवेदक अविवाहित एकल महिला देखिएको र निजको बसोवासको अन्य व्यवस्था नरहेको भन्ने देखिँदा यी निवेदकलाई राज्यबाट बैकल्पिक बसोवासको व्यवस्था गरिएको अवस्थामा बाहेक निवेदनमा उल्लेखित घर जग्गाको भोगाधिकार यी निवेदकबाट अन्य व्यक्तिमा हस्तान्तरण नहुने गरी निवेदकका सम्बन्धमा विपक्षी नगरपालिकाको कार्यालयको मिति २०७८/०७/१४ को जानकारी पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्छ" भनी फैसलाको थियो ।

यसैगरी यस न.पा. को मिति २०८०/११/१७ गते स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९७(१) बमोजिम सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने उद्देश्यले उक्त कित्ता जग्गामा बनेको घर टहरा हटाउन १५ दिनको म्याद दिई सूचना प्रकाशित गर्ने निर्णय भए अनुसार यस यस न.पा.को मिति २०८०/१२/०४ गते सार्वजनिक जग्गा खाली गराउने सूचना प्रकाशित भएकोमा उक्त निर्णय तथा सूचना बदर गरि पाउँ भनी राम लक्ष्मी श्रेष्ठले उच्च अदालत पाटन - मु.नं.०८०-WO-१८७४ उत्प्रेषण परमादेश समेत दायर गरेकीमा उच्च अदालत पाटनबाट मिति २०८१/०१/२४ गते फैसला भएको थियो । उक्त फैसलामा"..... विवेचित आधार, कारण र प्रमाणहरु बाट यस अदालतको मिति २०७५/११/०८ को निर्णय बमोजिम नागार्जुन नगरपालिका बाट मिति २०७५/०२/१७ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई बैकल्पिक व्यवस्था गरी निवेदक बसोवास गरी आएको घर टहराबाट निकाला नगर्नु नगराउनु, घर टहरा नभत्काउनु भनी निर्णय भएको ०७८-WO-०४०२ नं.को रीट निवेदनमा यिनै निवेदकलाई बैकल्पिक बसोवासको व्यवस्था गरिएको अवस्थामा बाहेक निवेदनमा उल्लिखित घर जग्गाको भोगाधिकार यि निवेदकबाट अन्य व्यक्तिमा हस्तान्तरण नहुने गरी निवेदकका सम्बन्धमा विपक्षी कार्यालयको मिति २०७८/०७/१४ को जानकारी पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षी नगरपालिकाको नाममा निषेधाज्ञा को आदेश कायम रहिरहेको अवस्थामा र परिस्थितीमा मा कुनै परिवर्तन नभएको अवस्थामा निवेदिकाको उमेर समेतलाई विचार गर्दा नगार्जुन नगरपालिकाबाट मिति २०८०/११/१७ को निर्णय उत्प्रेषणको आदेशबाट बदर गरि दिएको छ । मिति २०८०/१२/०५ मा सो नगरपालिकाबाट प्रकाशित सूचना कार्यान्वयन नगर्नु नगराउनु र उक्त फैसला बमोजिमको काम यथावत कायम गर्नु भनी परमादेशको रिट समेत जारी हुने ठहर्छ ।" भनी फैसलको भएको देखिन्छ ।

सम्मानित उच्च अदालत बाट तिनै वटा मुद्दामा भएको फैसलालाई उच्च सम्मान गर्दै सम्मानित अदालतको फैसला हरु अनुसार रिट निवेदक एकल महिलालाई आवास विहिन बनाउन नहुने र बैकल्पिक बसोबासको व्यवस्था गराउनु पर्ने नगरपालिकाको कर्तव्य भएको देखिन्छ । बैकल्पिक बसोवासको व्यवस्था गरिएको अवस्था बाहेक उक्त कित्ता जग्गाबाट नहटाउनु भन्ने आदेशले राम लक्ष्मी श्रेष्ठलाई बसोवासको विकल्प दिएर मात्रै हटाउनु पर्ने देखिन्छ । सम्मानित उच्च अदालत पाटनको फैसलालाई सम्मान एवं अक्षरश पालना गर्ने गरी निम्न बमोजिमको विकल्प दिई निजको बसोवासको स्थायी समाधान गराउने गरी निज राम लक्ष्मी श्रेष्ठलाई नगरपालिकामा बोलाई छलफल गरी विकल्प रोज्न लगाई मुलुकी देवानी संहिता २०७४ को दफा ३०४ तथा स्थानीय सरकार संचालन २०७४ को दफा ९७ बमोजिम सार्वजनिक जग्गा संरक्षण गर्ने निर्णय गरियो ।

१. निज राम लक्ष्मी श्रेष्ठलाई यस न.पा. वडा नं.१ मा रहेको सुविधा युक्त रहेको भवनमा एउटा फ्ल्याट उपलब्ध गराउने वा

२. निजले रोजेको ठाउँमा रु.१५,०००/- सम्म मासिक घर बहाल रकम उपलब्ध गराउने गरी बसोवास गराउने वा,

३. उक्त कित्ता जग्गाको कुनै स्थानमा २ कोठा, शौचालय र सो कोठा सम्म आवत जावत गर्ने गरी गोरेटो बाटो उपलब्ध गराई दिने वा

४. निज आफन्तको घरमा नै बस्न चाहने हो भने पनि मासिक रु. १५,०००/- उपलब्ध गराउने

निर्णय नं. ४

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण कार्यविधि, २०८१ | पारित गर्ने |
| २. | विद्यालय बस सञ्चालन सम्बन्धी मापदण्ड, २०८१ | तर्जुमा गर्ने |
| ३. | प्रारम्भिक बालविकास सञ्चालन मापदण्ड, २०८१ | |
| ४. | बालश्रम निवारण सम्बन्धी कार्यविधि, २०८१ | |
| ५. | बालक्लब सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | |
| ६. | बालमैत्री स्थानीय शासन कार्यविधि, २०८१ | |
| ७. | बालगृह सञ्चालन व्यवस्थापन तथा अनुगमन कार्यविधि, २०८१ | |

निर्णय नं. ५

बालमैत्री स्थानीय शासनका पूर्वाधारका क्षेत्रमा साझेदारी गर्ने कार्य यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक विकास पुस्तिकाको बालमैत्री नगर घोषणा कार्यक्रम खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी प्रति वडा प्रोत्साहत अनुदान स्वरूप रू. २५,०००/- (पच्चिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

नागार्जुन नगरपालिकाको आ.व. २०८१/०८२ को नगर सभाको निर्णयानुसार नगरपालिकाबाट सञ्चालन हुने सामाजिक तथा साँस्कृतिक कार्यक्रमहरूमा स्थानीय सामुदायिक संस्थाहरूबाट कार्यक्रम सञ्चालन गर्दा (गैर सरकारी संघसंस्थाहरूबाट सञ्चालन हुने कार्यक्रम बाहेक) नगद सहभागिताको अंश ३० प्रतिशत कायम गरिएकोमा आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी उक्त नगद सहभागितालाई हटाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका वडा नं. ७ छापेचौर स्थित (स्वीजरल्याण्ड पार्क) मा नेपालको राष्ट्रिय झण्डा तोलन तथा ऐतिहासिक नामाकरण कार्यक्रम सञ्चालन गर्दाको समयमा भएको खर्च रकम रू.१९,४५०/- (उन्नाईस हजार चार सय पचास रूपैंया) मात्र यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक विकास पुस्तिकाको विविध कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा विनियोजित रकम मध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकाको निम्न वडामा बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरूले आफु विगत लामो समय देखि बिरामी भई उपचार गराई रहेको र आफ्नो आर्थिक स्थिती कमजोर भएको कारणले गर्दा उपचार गर्न तथा नियमित औषधि सेवन गर्न समेत समस्या भएकोले आर्थिक सहयोग गरि पाउँ भनि दिएको निवेदन अनुसार निजहरूलाई १ पटकको लागि निम्न रकम आर्थिक सहयोग स्वरूप यस नगरपालिकाको आर्थिक सहायता खर्च शिर्षक नं. २७२१९ मा विनियोजित बजेटबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | कार्य | वडा नं. | रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | शम्भु दाहाल | ना.न.पा. ७ | ११,००० | |
| २. | सुर्ज बहादुर सार्की | कागेश्वरी मनोहरा न.पा. ९ | ६,००० | |

निर्णय नं. ९

नागार्जुन नगरपालिका अन्तर्गत निम्न वडाहरूबाट तपसिलमा बमोजिमको कार्य गर्नको लागि सम्बन्धित वडाका वडा सचिवको नाममा कार्यदिश उपलब्ध गरी पाउँ भनि सिफारीस गरी पठाईएकोले यस नगरपालिकाको आ.व. २०८१/०८२ को खर्च शिर्षक नं. ३११५९ को अन्य सार्वजनिक निर्माण/Matching Fund शिर्षकमा विनियोजित रकम मध्येबाट खर्च हुने गरी सम्बन्धित वडाका वडा सचिवहरूको नाममा कार्यदिश दिई कार्य गराउन निर्णयार्थ पेश गरेको छु ।

तपसिलः-

| सि.नं. | वडा कार्यालय | कार्यको विवरण | रकम रू. | कार्यदिश दिने वडा सचिवको नाम |
|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय | बुद्धचोक नजिक बाटो मर्मत | ९९,००० | भुवन गिरी |
| २ | ३ नं. वडा कार्यालय | सिङ्गल ट्रि देखि हिल टप जाने सडक मर्मत | ९९,००० | सिद्धार्थ श्रेष्ठ |
| ३ | ४ नं. वडा कार्यालय | खानेपानी पाईप लाईन मर्मत | ९९,००० | शर्मिला पन्थी |
| ४ | ८ नं. वडा कार्यालय | भिमढुंगा स्वा.चौ. सेफ्टी ट्यांकी मर्मत | ९१,००० | शारदा तिमिल्सिना |

निर्णय नं. १०

यस नगरपालिका वडा नं. ६ र ८ मा मनसुनजन्य विपदका कारण विभिन्न खानेपानी उपभोक्ता समितिहरूको पाईप लाईनमा क्षति भई खानेपानी वितरणमा समस्या भएकोले खानेपानी पाईप माग गरी यस नगरपालिकामा निवेदन पेश भएकोले रू. १५ लाख रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी खानेपानी पाईप खरिद गर्ने तथा सम्वन्धित खानेपानी उपभोक्ता समितिहरूलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिका वडा नं. ३ को विभिन्न स्थानमा गएको पहिरो अवरोध हटाई सडक सुचारू गर्न र रातेमाटे स्थिंत पहिरोको धरापमा परेको घर भत्काई सुरक्षित अवस्थामा व्यवस्थापन गर्दा सशस्त्र प्रहरी बल र अन्य सहयोगीहरूलाई खाजा खुवाएवापतको रकम रू.३६,७३८/- (छतिस हजार सात सय अठतिस रूपैंया) मात्र भुक्तानी गरी पाउँ भनि सम्वन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ४७६, मिति २०८१/०६/२२ गतेको पत्रबाट सिफारीस भई आएकोले उल्लेखित रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी सम्बन्धित वडाका वडा सचिवको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको निवेदन अनुसार संस्था सञ्चालन गर्न लागि संस्था दर्ताको निवेदन पेश भएकोमा **नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१** को सिफारीस समितिको मिति २०८१/०८/१८ को निर्णयबाट उपयुक्त देखि संस्था दर्ताको लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित उपभोक्ता समितिलाई संस्था दर्ता गरी दर्ता प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

श्री छ्गडोल खानेपानी तथा सरसफाई उपभोक्ता समिति, ना.न.पा. ५ ।

निर्णय नं. १३

यस नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूको सुक्ष्म अनुगमन गर्न तथा बचतकर्ताहरूको बचत रकम सुरक्षण गर्ने प्रयोजनको लागि नगरपालिकामा पर्याप्त दक्ष जनशक्ति उपलब्ध नभएको हुँदा सहकारी नियमन, वित्त व्यवस्थापन, लेखाङ्कन, लेखा परिक्षण लगायतका कार्यमा योग्यता प्राप्त गरेका अनुभवी एवम् दक्ष जनशक्तिबाट सहकारी संस्थाहरूको विस्तृत परिक्षण गरी यथार्थ अवस्था पत्ता लगाउने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ७ बमोजिम वर्तमान अवस्थामा सहकारी संस्थामा देखिएका सम्बद्ध मुद्दाहरूको प्राथमिकता सम्बोधन गरी यस क्षेत्रलाई स्वच्छ, पारदर्शि र विश्वसनीय बनाउन १ जना सहकारी विज्ञ हाललाई ३ महिनाको लागि करार सेवामा नियुक्त गरी कामकाज लगाउने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिका भित्र हालसम्म पनि कवाडी कर संकलन हुन नसकेकोले सो कर व्यवस्थित तरिकाले संकलन गर्न नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम रू.५०,००,०००/- (पचास लाख) न्यूनतम अंक कायम गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

नागार्जुन नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८० बमोजिम वडास्तरीय विपद् व्यवस्थापन समिति गठनको लागि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

यस नगरपालिका अन्तर्गत वडा नं. ३ को नयाँ भवनमा चोरी भएकोले तत्काल सेक्युरिटी गार्डको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिकाको मिति २०८१/०६/२३ गतेको नगर कार्यपालिकाको बैठकबाट सोही महिनाको मिति १० देखि १२ गतेसम्म भएको अविरल वर्षको कारण गएको पहिरोमा परि घाइते भएका श्री पुकार शाहको उपचार गर्ने निर्णय भएकोमा उक्त निर्णयमा निजको नाम भुलवस ठाकुर शाह हुन गएकोले अस्पतालबाट निजको उपचारमा भएको खर्च भुक्तानी पाउँ भनि दिएको निवेदन तथा बिल भर्पाईमा निजको नाम पुकार शाह देखिन आएकोले सोही बमोजिम अस्पताललाई यस नगरपालिकाको आर्थिक सहायता खर्च शिर्षक नं. २७२१९ मा विनियोजित रकम मध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १८

यस नगरपालिका अन्तर्गत सम्झौता भई निर्माण कार्य संचालन भएको तपशिलमा उल्लेखित योजनामा काम गर्ने क्रममा केही आईटमहरुको परिमाण ल.ई तयार गर्दा भन्दा थप घट हुन हुन गएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३(बाह्रौ संशोधन समेत) दफा ५४ बमोजिम भेरिएशन स्वीकृत गरी भुक्तानि दिने निर्णय गरीयो।

तपसिलः-

| क्र. स | ठेक्काको विवरण | निर्माण व्यवसायीको विवरण | सम्झौता रकम (रू) | संशोधित सम्झौता रकम (रू) | भेरिएशन प्रतिशत र रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Ward No.6 Football ground, Gurans Tole, Jyoti Pra. Bhi & Ganeshman Park Area Road Upgrading Works (Nagarjun/NCB/W/29/2080-81) | RAI-BGS JV | १,२२,६७,४९८.८३ | १,२७,०८,७१४.४२ | ३.६०% (४,४१,२१५.५९) | |

निर्णय नं. १९

यस आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपालबाट लागत साझेदारीमा सडक मर्मत सम्भारका लागि विनियोजित रकम रू.४७,००,०००/- (सठचालिस लाख) मात्र (७० प्रतिशत) र यस नगरपालिकाले व्यहोर्नु पर्ने रकम रू.२०,१४,२८५/- (बिस लाख चौध हजार दुई सय पचासि रूपैंया) (३० प्रतिशत) गरी जम्मा रू.६७,१४,२८५/- (सठसट्ठी लाख चौध हजार दुई सय पचासि रूपैंया) मात्रबाट तपसिल बमोजिमका सडकहरू मर्मत सम्भार गर्न कार्यक्रम स्वीकृतिका लागि सडक बोर्ड नेपाल मिन भवन काठमाडौंमा लेखि पठाउने निर्णय गरियो ।

तपसिलः-

१. स्यूचाटार – हसन्टार सडक मर्मत
२. आदेश्वर – डाँडागाउँ सडक मर्मत सम्भार
३. सानोभर्याङ्ग - रानीवन भित्री सडक मर्मत सम्भार

निर्णय नं. २०

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले घ वर्गको इजाजत दर्ताको लागि निवेदन दिएकोमा अनुगमन समितिको मिति २०८१/०८/१८ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित कम्पनीहरू 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो । तपसिलः

१. श्री बसेरा कन्स्ट्रक्सन प्रा.लि., नागार्जुन न.पा. १, काठमाडौं

निर्णय नं. २१

यस नागार्जुन नगरपालिका अन्तर्गत वडा नं. १ स्थित शहरी विकास मन्त्रालयद्वारा शहरी गरिबको संयुक्त आवास प्रयोजनको लागि निर्माण भई नगरपालिकाको संरक्षणमा रहेको तथा हाल प्रयोग विहिन अवस्थामा रहेको भवनमा नगरवासीहरूलाई निःशुल्क डाइलाइसिस सेवा प्रदान गर्ने गरी १०० शैयाको हेमोडाइलाइसिस सेवा सञ्चालन गर्न श्री शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

मोतीदेवि स्मृति केन्द्रको निवेदन अनुसार यस नगरपालिका वडा नं. ८ का जेष्ठ नागरिक आवास केन्द्रद्वारा आयोजित जेष्ठ नागरिक भ्रमण कार्यक्रममा प्रायोजन गरी पाउँ भनि दिएको निवेदन अनुसार उक्त कार्यक्रममा प्रायोजन स्वरूप रकम रू.२५,०००/- (पच्चिस हजार) मात्र यस नगरपालिकाको विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २३

यस नगरपालिका अन्तर्गत वडा नं. ५, ६, ७ एवम् वडा नं. २ र ३ मा क्रमशः जगत गुरू कृपालु प्रतिष्ठान नेपाल र पद्मा मर्चेन्ट कम्पनी प्रा.लि. तथा राजु प्रसाद कडेलले परियोजना सञ्चालनको लागि समाज कल्याणबाट स्वीकृत प्राप्त गरी यस नगरपालिकाबाट समेत अनुदान प्राप्तिको लागि अनुमाती उपलब्ध गराईएकोमा यस कार्यालयको प.सं. २०८१/०८२, च.नं. १८०५, मिति २०८१/०५/०५ को पत्रबाट उल्लेखित प्रयोजना सञ्चालन लगायतका विषयका सम्बन्धमा पत्राचार गरिएकोमा उक्त जगत गुरू कृपालु प्रतिष्ठान, नेपालका तर्फबाट अध्यक्ष श्री राजु प्रसाद कडेलले मिति २०८१/०८/१३ जानकारी उपलब्ध गराएकोमा उक्त जवाफ सन्तोषजनक नपाईएकोले निज लगायत निजको नाममा यस नगरपालिका भित्र सञ्चालनमा रहेका कम्पनी तथा घरजग्गा सम्बन्धि कारोवारहरू अर्को निर्णय नभए सम्मको लागि रोक्का राख्नको लागि सवै वडाहरू तथा सम्बद्ध निकायहरूमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

यस नगरपालिका अन्तर्गत वडा नं. ६ स्थित बिमल चन्द्र खनालको घरदेखि महांकाल स्थान-टौखेल-चक्रपथ गणेश स्थान सडक खण्डमा ढल व्यवस्थापनको लागि ह्युम पाईप/**DWC PIPE** माग भई आएकोले उक्त कार्यमा खन्ने पुर्ने तथा मंगल राख्ने कार्य उपभोक्ताबाटै गर्ने गरी प्राविधिक ल.ई. बमोजिम नगरपालिकाको ढल, पाईप, बाजागाजा, टयांकी खरिद खर्च शिर्षक नं. २२५२२ मा विनियोजित बजेटबाट खर्च हुने गरी ह्युम पाईप/**DWC PIPE** उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५

यस नगरपालिका अन्तर्गत वडा नं. २ स्थित बमदेवि मन्दिर ३ घरेलाई ५० के.जि.को मूर्ति र ४० के.जि.को घण्टी र १ गजुर खरिद गर्नको लागि रकम रू.१,००,०००/- (एक लाख) मा नबढ्ने गरी विविध कार्यक्रम खर्च शिर्षक नं. २२५२९ मा विनियोजित रकम मध्यैबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो